# कालीगण्डकी गाउँपालिका, विर्घा, स्याङ्जा

# स्थानीय राजपत्र

खण्डः ८ संख्याः मितिः

# भाग-२

## कालीगण्डकीका नागरिकहरुमा लागि निःशुल्क उपचार सेवा प्रदान कार्यविधि, २०८१

आज्ञाले,

प्रमुख प्रशासकीय अधिकृत

"कालीगण्डकीका नागरिकहरुमा लागि निःशुल्क उपचार सेवा प्रदान कार्यविधि २०८१"

**प्रस्तावना:** नेपालको संविधानले जनताहरूलाई आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्रदान गर्ने व्यवस्था मिलाएको छ । जसलाई कालीगण्डकी गाउँपालिकाले आफ्नो दायित्व स्वीकार गरी कालीगण्डकी भित्रका नागरिकहरूलाई कालीगण्डकी अस्पतालबाट निःशुल्क आधारभूत स्वास्थ्य सेवा प्रदान गर्न बान्छनीय भएकोले, स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले दिएको अधिकार प्रयोग गरी कालीगण्डकी गाउँपालिकाले यो कार्यविधि बनाएको छ ।

**संक्षिप्त नाम र प्रारम्भ** (१) कार्यविधिको नाम "कालीगण्डकीका नागरिकहरुमा लागि निःशुल्क उपचार सेवा प्रदान कार्यविधि २०८१" रहेको छ ।

(२) यो कार्यविधि कालीगण्डकी गाउँ कार्यपालिकाबाट स्वीकृत भए पश्चात प्रारम्भ हुनेछ ।

१. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:-

(क) कार्यक्रम भन्नाले कालीगण्डकी गाउँपालिका भित्रका नागरिकहरूलाई कालीगण्डकी अस्पतालबाट दिइने निःशुल्क स्वास्थ्य सेवा प्रदान कार्यक्रम सम्झनु पर्छ।

(ख) आधारभूत स्वास्थ्य सेवा भन्नाले जनस्वास्थ्य सेवा ऐन २०७५ को दफा ३ उपदफा ४ बमोजिम खोप सेवा, एकीकृत नौजात शिशु तथा बालरोग व्यवस्थापन सेवा, पोषण सेवा, परिवार नियोजन सेवा साथै रोकथाम, प्रवर्द्धन र उपचारात्मक सेवालाई सम्झन पर्छ ।

(ग) बिरामी भन्नाले कुनै पनि रोगका कारण मानिसको शारीरिक, मानसिक तथा सामाजिक स्वास्थ्यमा आउने खराबी वा दैनिक जीवनमा असहज परिस्थिति सिर्जना हुने अवस्थालाई सम्झनु पर्छ ।

(घ) गाउँपालिका भन्नाले कालीगण्डकी गाउँपालिका स्याङ्जालाई सम्झनु पर्छ ।

(ङ) उपचार भन्नाले कुनै पनि बिरामीको रोग निको पार्नका लागि दक्ष चिकित्सक तथा स्वास्थ्यकर्मीहरू द्वारा स्वास्थ्य परीक्षण गरी बिरामीको आवश्यकता अनुसार सिफारिस गरिएको औषधि साथै परामर्शलाई सम्झनु पर्छ ।

(च) औषधि भन्नाले कुनै पनि रोगको रोकथाम, निदान तथा उपचारका लागि प्रयोग गरिने रसायनिक तथा विभिन्न जडीबुटीबाट तयार पारिएको पदार्थलाई सम्झन पर्छ ।

(छ) प्रोसिजर भन्नाले बिरामीहरूको आवश्यकता अनुसार गरिने घाउहरूको सरसफाई, चिरफार, हड्डीहरू भाँचिएको वा सड्केमड्केकोका लागि प्लास्टर तथा काप्रो बाँध्नु साथै सुई लगाउने जस्ता प्रक्रियाहरुलाई सम्झनु पर्छ ।

(ज) रजिष्ट्रेशन भन्नाले बिरामी तथा सेवाग्राहीहरूको नाम ठेगाना फोन नम्बर तथा उनीहरूले अस्पतालबाट लिएको सेवाहरूको अभिलेखलाई सम्झनुपर्छ।

(झ) प्रयोगशाला सेवा भन्नाले कुनै पनि रोग पत्ता लगाउनको लागि रगत दिशा पिसाब परीक्षणलाई सम्झनु पर्छ ।

(ञ) निःशुल्क उपचार भन्नाले गाउँपालिकाद्वारा सञ्चालित अस्पतालबाट दिइने सबै प्रकारका स्वास्थ्य सेवाहरू जुन स्वास्थ्य बीमा बोर्डको सुविधा थैलीमा नपरेको वा समावेश नगरिएको औषधि तथा उपचार प्रोसिड्यूरहरूलाई सम्झनु पर्छ।

(ट) कालीगण्डकी गाउँपालिका बासी भन्नाले कालीगण्डकी गाउँपालिकामा स्थायी बसोबास गर्ने नागरिकहरुलाई सम्झनु पर्छ।

(ठ) अस्पताल भन्नाले कालीगण्डकी गाउँपालिकाद्वारा सञ्चालित कालीगण्डकी गाउँपालिका वडा नम्बर ७ मिर्मी स्थित रहेको कालीगण्डकी अस्पताललाई सम्झनु पर्छ।

(ड) समिति भन्नाले कालीगण्डकी अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिलाई सम्झनुपर्छ।

(ण) सेवा प्रवाह भन्नाले यस कार्यविधि बमोजिम कालीगण्डकी अस्पतालबाट दिइने सबै प्रकारका स्वास्थ्य सेवाहरूलाई सम्झनु पर्छ।

**२. कार्यविधिको उद्देश्य:** कार्यविधिको उद्देश्य देहाएबमोजिम रहेको छ।

(क) कालीगण्डकी गाउँपालिकाका कुनै पनि नागरिकहरुले आर्थिक अभावका कारण आधारभूत स्वास्थ्य सेवाबाट वञ्चित नगराउने।

(ख) निशुल्क आधारभूत स्वास्थ्य सेवा प्राप्त गर्ने नागरिकहरूको हकलाई कार्यान्वयन गर्ने।

(ग) कालीगण्डकी अस्पतालमा सर्वसुलभ रुपमा उपचारको पहुँच पुर्याई नागरिकहरूको जीवन रक्षा गर्ने।

**३. निःशुल्क उपचार सेवा प्रदान कार्यक्रम सञ्चालन हुने स्थान:**

(क) कालीगण्डकी गाउँपालिकाद्वारा सञ्चालित कालीगण्डकी अस्पतालमा मात्रै सेवा उपलब्ध हुनेछ

**४. निःशुल्क उपचार सेवाको भुक्तानी:**

(क) अस्पतालले कालीगण्डकी गाउँपालिका बासी नागरिकहरुलाई दिइएको स्वास्थ्य उपचार सेवाहरूको अभिलेख बमोजिम गाउँपालिकाबाट गरिनेछ।

(ख) विरामीको नाम ठेगाना अस्पतालमा लिएको औषधि तथा रजिष्ट्रेशन सेवाका अभिलेख यस कार्यविधिले निर्धारण गरेको अनुसुचि अनसार राख्नु पर्नेछ।

(ग) भुक्तानी दिंदा औषधिको परल मूल्यमा १०% थप गरी साथै उपचार सेवाको रजिस्ट्रेसन, प्रयोगशाला तथा प्रोसिजर मा अस्पतालमा तोकिएको शुल्कको २५% छुट गरी भुक्तानी गरिनेछ।

(घ) अस्पतालले भुक्तानी माग गर्दा अनुसूची १ र २ को आधारमा सम्पूर्ण अभिलेखहरू पेश गर्नुपर्नेछ।

(ङ) अस्पताल पेश भएका अभिलेखका आधारमा प्रत्येक महिना नागरिकहरुलाई दिएको सेवा अनुसार मासिक रुपमा भुक्तानी दिइनेछ।

**५. निशुल्क उपचार सेवा प्राप्त गर्ने व्यक्तिहरू:** यस कार्यक्रमबाट देहाएका व्यक्तिहरुले सेवा सुविधा प्राप्त गर्न सक्नेछन्।

(क) कालीगण्डकी गाउँपालिका स्याङ्जाका स्थायी नागरिकहरू सबै।

**६. अनुगमन, मूल्याङ्कन र अभिलेखन:** (१) गाउँपालिकाले निःशुल्क उपचार सेवा सम्बन्धी कार्यको अनुगमन देहाएबमोजिमको समितिले गर्नेछ ।

क संयोजक अध्यक्ष

ख सदस्य प्रमुख प्रशासकीय अधिकृत

ग सदस्य सचिव स्वास्थ्य संयोजक

(२) समितिले आवश्यकता बमोजिम कालीगण्डकी अस्पतालमा कार्यरत कर्मचारीहरुलाइ आमन्त्रित सदस्यमा निमन्त्रण गर्न सक्नेछ।

(३) निशुल्क उपचार सेवाको अभिलेख अनुसूची १ र अनुसूची २ बमोजिम कालीगण्डकी अस्पतालमा राखिनेछ ।

**७. बाधा अड्काउ फुकाउन सक्ने:** यस कार्यविधि कार्यान्वयनमा कुनै पनि बाधा अड्काउ परे त्यस्तो बाधा अड्काउ परेमा कालीगण्डकी गाउँपालिका गाउँ कार्यपालिकाले फुकाउन सक्नेछ ।

**८. व्याख्या तथा संशोधन:** आवश्यकताका आधारमा कालीगण्डकी गाउँ कार्यपालिकाले यस कार्यविधिको व्याख्या र संशोधन गर्न सक्नेछ।

**९. यसै बमोजिम भए गरेको मानिने:** यो कार्यविधि स्वीकृत तथा प्रारम्भ हुनुपूर्व भए गरेका क्रियाकलापहरू यसै कार्यविधि अनुरूप भए गरेको मानिनेछ ।

अनुसुचि (१)

दफा (४) को ख सँग सम्बन्धित

**कालीगण्डकीबासी जनताहरुलाई ................ साल.......................................................... महिनामा निशुल्क उपचार गरिएको** रजिष्ट्रेशन **तर्फको विवरण**

| क्र. सं. | विरामीको नाम | उमेर | ठेगाना | रोग | सेवाको विवरण | लागत रकम | रिसेप्शनिस्टको नाम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

**तयार गर्ने............................पेस गर्ने......................................सिफारिस गर्ने ............................प्रमाणित गर्ने ..........................**

**मिति मिति मिति मिति**

अनुसुचि (२)

दफा (४) को ख सँग सम्बन्धित

**कालीगण्डकीबासी जनताहरुलाई फार्मेसीबाट ............... साल.......................... महिनामा निशुल्क उपचार गरिएको विवरण**

| क्र. सं. | विरामीको नाम | उमेर | ठेगाना | रोग | औषधिको नाम | औषधि परिमाण | लागत रकम | वितरण गर्नेको नाम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

तयार गर्ने.......................... पेस गर्ने.............................. सिफारिस गर्ने ............... प्रमाणित गर्ने ............................

मिति मिति मिति मिति